# ‘त्यो फेरि फर्कला ?’ कथामा यौन अभिव्यक्तिको स्वरूप


## अम्बिकाप्रसाद डाँगी*



**लेखसार**

*भवानी भिक्षुको ‘त्यो फेरि फर्कला ?’ कथामा प्रस्तुत यौन अभिव्यक्तिको स्वरूपसँग प्रस्तुत लेख सम्बन्धित छ । यसै क्रममा कथाकार भिक्षुको यौनकथा लेखनगत प्रवृतिलाई पनि सङ्क्षेपमा चिनाइएको छ । भिक्षुको ‘त्यो फेरि फर्कला ?’ कथालाई यौन कथागत मूल्यमान्यता र अवधारणामा आधारित भई कथामा अभिव्यञ्जित यौनका स्वरूपको पहिचान गर्नु नै यस लेखको उद्देश्य हो । यो अध्ययन गुणात्मक विधिमा आधारित छ । अध्ययनका क्रममा पुस्तकालय कार्यका माध्यमले सामग्री सङ्कलन गरी वर्णनात्मक, विश्लेषणात्मक एवं तार्किक विधिको उपयोग गरी सामग्रीको अध्ययन-विश्लेषण गरिएको छ । अध्ययनबाट शिष्ट, मर्यादित एवं श्लील रूपमा यौनलाई केन्द्रमा राखेर आन्तरिक मनोयथार्थको विचरण गर्ने सफल यौन कथाकारका रूपमा भवानी भिक्षु रहेको निष्कर्ष प्राप्त भएको छ । यौनकथाको पहिचान गर्न सघाउ पुग्ने हेतुले सङ्क्षेपमा सैद्धान्तिक पर्याधार र कथामा यौनको तात्पर्यबारे चर्चा गरिएको छ । यौवनको सिंढी चढ्दै गर्दा सानीमा देखापरेको युवकप्रतिको प्रेमाशक्तिका कारण जागृत भएको एकोहोरो प्रेमले निम्त्याएका पट्यारलाग्दा दिनचर्या एवं युवक र सानीको ‘प्रेम’प्रतिको भिन्न मनोलोकका कारण दुर्घटित हुन पुगेको सानीको एकपक्षीय असफल प्रेम तथा यौन अभिव्यक्तिका मूलभूत प्रकृतिहरू प्रेमको अमरत्व, सामाजिक मर्यादा, कल्पना, भावावेग र हीनताबोध रहेका छन् । यस लेखमा यौन अभिव्यक्तिका यी विविध पक्षको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।*



**शब्दकुञ्जी**

अहम्, इद, कामेच्छा, तृप्तता, दमन ।


**विषयपरिचय**

‘त्यो फेरि फर्कला ?’ भवानी भिक्षु (१९६६-२०३८) द्वारा लिखित एकोहोरो प्रेमको परिणतीसँग सम्बन्धित यौनकथा हो । ‘प्रेम’लाई सर्वोच्च मुल्यका रूपमा प्रस्तुत गर्ने क्रममा कथाको जन्म हुन पुगेको छ । भिक्षु यौनलाई केन्द्रमा राखेर मानव जीवनका विविध पक्षको विचरण गर्न रुचि राख्ने एक सशक्त यौन कथाकार हुन् । मनोविज्ञानवादी धाराका एक बलिया स्तम्भका रूपमा रहेका


* उपप्राध्यापक, महेन्द्र बहुमुखी क्याम्पस, दाङ ।

भिक्षुका *गुनकेशरी* (२०१७), *मैयासाहेब* (२०१७), *आवर्त* (२०२४) र *अवान्तर* (२०३४) गरी चार ओटा कथासङ्ग्रह प्रकाशित छन् । भिक्षुको मुख्य कथाधर्मिता अन्तर्भाव वा भावलोकको अमूर्त चेतनाको प्रस्तुति हो । "अनुभूति तथा भावको स्वच्छन्द प्रकाशनमा उनको विश्वास भएकाले उनी बाह्य घटनालाई भन्दा मनोलोकका यथार्थलाई अभिव्यक्त गर्न रुचाउँछन् । उनमा सौन्दर्यचेतना आधिक्य छ र भावुकतापूर्ण सिर्जनाप्रति प्रतिबद्धता छ । यसले गर्दा उनका पात्रहरू सभ्रान्त र सुसंस्कृत बन्ने आकांक्षा राख्दै आफूभित्रको अनुरागलाई सुरक्षित राख्ने काम गर्दछन्" (श्रेष्ठ, २०७०, पृ. ८१) । शिष्ट, मर्यादित एवं विशिष्ट रूपमा यौनावेगलाई प्रस्तुत गर्न भिक्षु निकै पोख्त छन् । उनका कथामा यौनलाई अत्यावश्यक तत्त्वका रूपमा स्वीकार गर्दै त्यसले मनोरचनामा पार्ने प्रभावको गहिरो उत्खनन् गरिएको देखिन्छ ।

भिक्षुको भाषाले केही जटिल भए पनि भावावेगलाई उचित रूपमा पक्डनसक्ने क्षमता राख्दछ । उनका यौनकथाहरू चरित्रप्रधान छन् । कथाका पात्रहरू सामाजिक परिवेशअनुसार अनुकूल, प्रतिकूल, सरल, जटिल, कृतार्थी, कृतघ्नी, क्रूर तथा दयावान्, कठोर एवं कोमल प्रकृतिका छन् । भिक्षुले यौनत्तर विषयमा पनि थुप्रै कथाहरू लेखेका छन् तर उनका कथाको उच्चता यौनकथामै बढी देखिन्छ । भिक्षुको कथालेखनको रुचिक्षेत्र यौन नै हो । यौनलाई कलात्मक ढङ्गले आख्यानीकरण गरेर मानवको अचेतन तहमा पुगी आन्तरिक मनोलोकको यथार्थको विचरण गर्नु उनको विशिष्ट आख्यानात्मक कला हो । कथाहरूमा पात्रका मनको अचेतन तहभित्रका स्पन्दनहरूलाई प्रकाशमा ल्याएर पाठकलाई यथार्थबोध गराउने भिक्षुको मूल उद्देश्य देखिन्छ । उनको कथालेखनको मूल आधार घटना नभएर भावना एवं संवेदना हुन् । प्रेमको सूक्ष्मातिसूक्ष्म मनोवैज्ञानिक चित्रणमा उनको कथाशिल्प निकै सबल देखिन्छ । अन्तःचेतनाले ग्रहण गर्ने सौन्दर्यभावमा रुचि राख्ने भिक्षुका यौनकथामा प्रेरणा र क्रियाकलापलाई मर्यादित रूपमा आख्यानीकरण गरिएको हुन्छ । भिक्षुलाई यौन मनोविज्ञानका शालीन स्रष्टा मानिन्छ किनभने उनका कथाले कुनै पाठकलाई अधोगतितर्फ धकेल्दैनन् । कथामा यौनका अश्लील एवं नाङ्गो विकृतरूप भेटिँदैन । उनी कामलिप्सा र वासनाबाट उत्पन्न हुने विकृति र अनैतिक परिणतिमा विश्वास राख्दैनन् । उनका कथामा अचेतन मनमा दमित यौनेच्छाले विपरीत लिङ्गीसँग शारीरिक सम्बन्ध स्थापना राख्न सदैव उत्प्रेरित हुने यथार्थलाई प्रस्तुत गरिएको हुन्छ । यौनग्रन्थीका जटिलताहरू प्रस्तुत गर्दै यसबाट प्रभावित मानिसको आन्तरिक जीवनको चित्रण गर्नु तथा मनोयथार्थका मानवीय मूल्यहरूको खोजी गर्नु भिक्षुको यौनसम्बद्ध विशिष्ट पक्ष हो ।

भिक्षुको 'त्यो फेरि फर्कला ?' कथामा यौनाभिव्यक्तिका विविध स्वरूपहरू भेटिन्छन् । उनको यस कथामा केन्द्रित रही जेजति व्याख्या एवं टिकाटिप्पणी भएका छन्, प्रायः सामान्य प्रकृतिका छन् । भिक्षुको यस कथालाई मनोविश्लेषणवादी सिद्धान्तको आँखीझ्यालबाट आंशिक टीकाटिप्पणी भए गरेको देखिए तापनि यौन अभिव्यक्तिको प्रकृतिका आधारबाट सुव्यवस्थित अध्ययन-विश्लेषण गर्नुपर्ने पाटो ओझेलमा परेको अवस्था छ । यौनाभिव्यक्तिको स्वरूप पहिचानका लागि यौनलाई नै केन्द्रीय मियो मानी यौनजन्य विशिष्ट प्रकृतिका आधारमा विश्लेषणको अवधारणा निर्माण गरी सुव्यवस्थित अध्ययन गर्नु आवश्यक छ । तसर्थ यही अपूर्ण पाटोको आंशिक पूर्ति गर्ने उद्देश्यसँग प्रस्तुत अध्ययन केन्द्रित छ । भवानी भिक्षुको 'त्यो फेरि फर्कला ?' यौनकथालाई विश्लेषण गर्न सकिने विविध आधारहरू रहे पनि यौन अभिव्यक्तिको प्रकृतिका आधारमा मात्र अध्ययन-विश्लेषण गर्नु अध्ययनको सैद्धान्तिक/अवधारणात्मक सीमा रहेको छ । भिक्षुको 'त्यो फेरि फर्कला ?' कथा 'गुनकेशरी' कथासङ्ग्रहमा मात्र नभएर अन्य विविध पाठ्यपुस्तक र अन्य सन्दर्भ पुस्तकहरूमा पनि सम्पादित छ । यस पृष्ठभूमिमा साझा प्रकाशनबाट प्रकाशित 'गुनकेशरी' (२०५२, चौथो संस्क.)

कथासङ्ग्रहमा सङ्ग्रहीत 'त्यो फेरि फर्कला ? कथालाई नै अध्ययनको विषय बनाइनु क्षेत्रगत सीमा रहेको छ ।

भवानी भिक्षुका 'यौनकथा' लाई निश्चित यौन अभिव्यक्तिको स्वरूप निर्धारण गरी सुव्यवस्थित अध्ययन गर्नुपर्ने पाटो बाँकी रहेको स्थिति छ । कथामा यौन अभिव्यक्तिको स्वरूप पहिचानका मानक अवधारणाहरू छन् । त्यस्ता केही मानक अवधारणाहरू-कलाका रूपमा यौन, सन्तानोत्पादनका रूपमा यौन, सामाजिक मर्यादाका रूपमा यौन, दम्भका रूपमा यौन, युगीन सामाजिक अभिव्यक्तिका रूपमा यौन, दाम्पत्य सम्बन्धका रूपमा यौन, हीनताबोधका रूपमा यौन, कामावेगका रूपमा यौन, धार्मिक रूपमा यौन, लैङ्गिक विद्रोहका रूपमा यौन, आर्थिक लाभका रूपमा यौन, मैथुनका रूपमा यौन, शारीरिक चेष्टाका रूपमा यौन, परपीडनका रूपमा यौन, स्वपीडनका रूपमा यौन, स्वैरकल्पनाका रूपमा यौन, मानवेतर प्राणीसँगको विकृत रूपमा यौन, दुर्घटनाका रूपमा यौन, आकस्मिक घटनाका रूपमा यौन, शारीरिक बनावटका रूपमा यौन आदि रहेका छन् । यी विविध आधारहरूमध्ये भिक्षुको 'त्यो फेरि फर्कला ?' कथामा प्रेमको अमरत्वका रूपमा यौन, सामाजिक मर्यादाका रूपमा यौन, दम्भका रूपमा यौन, कल्पनाका रूपमा यौन, युगीन सामाजिक अभिव्यक्तिका रूपमा यौन, कामावेगका रूपमा यौन र हीनताबोधका रूपमा यौनलाई मात्र विश्लेषणको आधार बनाइएको छ । 'त्यो फेरि फर्कला ?' कथामा यौन अभिव्यक्तिको स्वरूप शीर्षकको प्रस्तुत अध्ययनले भिक्षुका अरू यौनकथाका साथै अन्य कथाकारका यौनकथाहरूलाई समेत वस्तुनिष्ट अध्ययन-विश्लेषणका लागि मार्ग प्रदान गर्ने सामर्थ्य राख्ने भएकाले प्रस्तुत अध्ययनको औचित्य र महत्त्व रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेखमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । प्राथमिक सामग्रीका रूपमा साझा प्रकाशनबाट प्रकाशित *गुनकेशरी* (२०५२) कथासङ्ग्रहमा समावेश 'त्यो फेरि फर्कला ?' कथा रहेको छ । द्वितीयक सामग्रीका रूपमा भवानी भिक्षुको यौनकथागत प्रवृत्ति तथा यौन मनोविश्लेषणसँग सम्बन्धित सामग्रीहरू रहेका छन् । यी सामग्रीहरू पुस्तकालय कार्यबाट प्राप्त गरिएका छन् ।

कथामा प्रस्तुत यौन अभिव्यक्तिको विश्लेषणका लागि केही खासखास यौनसम्बद्ध आधार र अवधारणाहरू रहेका छन् । 'त्यो फेरि फर्कला ?' कथामा यौन अभिव्यक्तिको स्वरूप पहिचान गर्ने सिलसिलामा उपयोग गरिएका अवधारणाहरू प्रेमको अमरत्व, सामाजिक मर्यादा, दम्भ, कल्पना, युगीन सामाजिक मर्यादा, कामाभिव्यक्ति र हीनताबोध रहेका छन् । उल्लिखित अवधारणामा टेकेर यस कथामा यौनको स्वरूप पहिचानका क्रममा वर्णनात्मक, विश्लेषणात्मक एवं तार्किक विधि उपयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

उन्नाइसौँ शताब्दीका मनोचिन्तक सिग्मण्ड फ्रायड (१८५६) यौन सिद्धान्तको प्रतिपादनका दृष्टिले पश्चिमी जगत्‌मा निकै चर्चित छन् । पेसाले चिकित्सक रहेका फ्रायड मनोरोगसम्म प्रवेश गरेर मनोवैज्ञानिक सिद्धान्तको प्रतिपादन गर्न सफल भएका छन् । "व्यक्तिमा ९/१० भाग अचेतन मन हुन्छ भने १/१० भाग चेतन मन हुन्छ । फ्रायडले यसै अचेतन मनको अस्तित्वलाई स्वीकार गरेर नै मनोवैज्ञानिक उपचार विधिको आविष्कार गरेका हुन्" (श्रेष्ठ, २०७८, पृ. १२१) । आजको मानव चिन्तनमा फ्रायडद्वारा प्रतिपादित मनोविश्लेषण सिद्धान्तको गहिरो प्रभाव पारेको छ । फ्रायडले

मानिसको मनलाई अचेतनको भण्डारका रूपमा उल्लेख गर्दै यही अचेतन मनका अतृप्तिको परिपूर्ति र सन्तुष्टिमा मात्र मानव जीवनको सार्थकता झल्कने उल्लेख गरेका छन् । "मानिसलाई बौद्धिक, सामाजिक, नैतिक, शारीरिक वा अन्य कुनै उपचार दिए पनि जबसम्म उसको अचेतन र खास गरी दमित यौन अचेतनको उपचार हुँदैन तबसम्म ऊ स्वस्थ र सफल जीवन जिउन सक्दैन भन्ने मान्यता नै फ्रायडवादी चिन्तनको मूलभूत मर्म हो" (शर्मा, २०५७, पृ. ३४) । फ्रायडबाट प्रतिपादित मनोविश्लेषण सिद्धान्तलाई थप बलियो बनाउनमा व्यक्ति मनोविज्ञानका प्रणेता अल्फ्रेड एडलर र विश्लेषणात्मक मनोविज्ञानका प्रवर्तक कार्ल गुस्ताव जुङको विशेष योगदान रहेको छ ।

फ्रायडले मानिसको यौनजीवन र कामवृत्तिसम्बन्धी मनोवैज्ञानिक तथ्यको प्रतिपादन गरेका छन् । मानिसको विवेकमय पक्षलाई भन्दा रागमय पक्षलाई बढी महत्त्व दिने फ्रायडले जीवनको केन्द्रीय प्रेरणास्रोतका रूपमा कामवृत्ति वा रागलाई मानेका छन् । यही कामवृत्तिको परितृप्ति अथवा परिपोषणमा जीवनको सिद्धि तथा सार्थकता रहेको छ । यसलाई फ्रायडले प्लेजर प्रिन्सिपल अथवा आनन्द सिद्धान्त भनेका छन् (शर्मा, २०७५, पृ. ४१) । हाम्रो यौन जीवन पनि यही आनन्द प्राप्तिसँगै सम्बन्धित छ । फ्रायडले मानव मनोलैङ्गिक जीवनको अध्ययन गरेर नै यौनसिद्धान्तको स्थापना गरेका हुन् । उनको स्पष्ट अभिमत के छ भने मानिसमा जन्मनासाथै यौनेच्छाको प्रादुर्भाव हुन्छ र त्यसमा क्रमिक रूपमा विकास हुन्छ । स्तनपानकै अवस्थामा बच्चामा यौनेच्छाको प्रादुर्भाव हुन्छ । शरीर र मनको विकासका साथसाथै त्यसले पनि विकासका विभिन्न अवस्थाहरू पार गर्दछ (शर्मा, २०७५, पृ. ४१) । यौनगत जीवनको समुद्घाटनका क्रममा फ्रायडले मानिसका मनोग्रन्थि र मनोरचनाका बारेमा पनि तथ्यपूर्ण खोज गरेका छन् । मनोवैज्ञानिक आख्यानमा रुचि राख्ने लेखकहरूले दमित यौनेच्छाको विश्लेषणमा बढी आकर्षण भएको देखिन्छ । तसर्थ आख्यानमा प्रस्तुत सामान्य वा असामान्य पात्रका यौनसम्बन्धी मनोवृत्तिहरूको विश्लेषणका लागि फ्रायड प्रतिपादित यौन सिद्धान्त निकै प्रभावकारी आधारका रूपमा रहेको छ ।

**कथामा यौनको तात्पर्य**

यौनलाई केन्द्रमा राखेर आन्तरिक मनोलोकको विचरण गरिएका कथा नै यौनकथा हुन् । जैविक आवश्यकताका विविध पक्षहरूमध्ये यौन सदैव एक शक्तिशाली नैसर्गिक आवश्यकताका रूपमा रहेको छ । मानव जीवनका यावत् गतिविधिहरू यौनकै केन्द्रीयतामा सञ्चालित हुने मान्यता यौन मनोवैज्ञानिकहरूको छ । "मनोस्नायुविकृतिको सिकार भएका पात्रहरू अथवा असामान्य मनस्थिति भएका पात्रहरूको यौनजन्य संवेदना र अनुभूतिलाई ती कथाकारहरूले व्यक्ति गरेका छन्" (श्रेष्ठ, २०५९, पृ. १२) । यौन मनोविज्ञानमा आधारित कथाहरू चरित्रप्रधान हुन्छन् । यस्ता कथामा दमित कामवासनाले व्यक्तिको चरित्रमा देखापर्ने विविध गतिविधिको विचरण गरिएको हुन्छ । यौनकथाको मूल उद्देश्य यौनको केन्द्रीयतामा उसका जीवनका गतिविधिको पर्यावलोकन गर्नु हो । यौन सन्तानोत्पादन, जीविकोपार्जन, अर्थोपार्जन, मानसिक सन्तुष्टि, वंशपरम्पराको निरन्तरता, पुरुषत्वको प्रदर्शन, आत्मीयताको सुदृढीकरण, सुखानुभूति, यौन कौतूकताको शमन, परिपक्वताको प्रदर्शन, शारीरिक तथा मानसिक सुखानुभूति, यौनको सदुपयोग, कामाशक्तिको दुरुपयोग, विद्रोही भावना, परपीडन, स्वपीडन आदि विविध स्वरूपमा देखा पर्दछ । विविध विषयक्षेत्रका मनोविज्ञानमा आधारित कथाहरूमध्ये यौन मनोविज्ञानमा आधारित कथामा बढी रुचि देखिनुको कारण यौनले ओगटेको व्यापक क्षेत्र नै हो । यौन मनोविज्ञानमा केन्द्रित स्रष्टा र द्रष्टामा विशेषतः उन्नाइसौं शताब्दीका पाश्चात्य यौनचिन्तक फ्रायड, एडलर र युङ्गको प्रभाव रहेको छ । यौनप्रधान कथामा मनोयथार्थिक पक्षको उद्घाटन गर्ने क्रममा यौनलाई लम्बाइ, चौडाइ र गहिराइबाट सर्वाङ्ग ढङ्गमा

पर्यवेक्षण गरिएको हुन्छ । यौनलाई सर्वोच्च शक्तिका रूपमा स्वीकार गर्दै दमित यौनेच्छाको चिरफार, अचेतन मनले चेतन मनमा पार्ने प्रभाव, दमित कुण्ठाको अभिव्यक्ति, मानव मनोरचनाको विश्लेषण, मान्छेका इद, अहम् र पराहम् वृत्तिमूल्यबिचको द्वन्द्व आदि पक्षको खोजीनीति गरिएका कथा नै यौनकथा हुन् ।

**'त्यो फेरि फर्कला ?' कथामा यौन अभिव्यक्तिको प्रकृति**

अपरिचित सानी र युवकको भेटपश्चात् सानीमा जागृत प्रेम, यौनभाव, विकृत मनोदशा, तथा यथार्थबोध प्रस्तुत गर्ने ढङ्ग नै यौन अभिव्यक्तिका प्रकृति हुन् । जागृत प्रेमोच्छा, काल्पनिक संसार, पट्यारलाग्दा दिन तथा अन्तमा भएको विकर्षणले हुनआएको यथार्थबोध विविध रूपमा अभिव्यक्त भएका हुन्छन् । 'त्यो फरि फर्कला ?' कथामा यौन अभिव्यक्तिका प्रकृतिहरू प्रेमको अमरत्व, सामाजिक मर्यादा, दम्भ, कल्पना, युगीन सामाजिक अभिव्यक्ति, कामावेग र हीनताबोधका रूपमा रहेका छन् ।

**प्रेमको अमरत्वका रूपमा यौन**

'त्यो फरि फर्कला ?' कथामा वर्णित विषयको प्रमुख उद्देश्य प्रेमको अमरत्व देखाउनु हो । प्रेम यसै हुन्छ, उसै हुन्छ । प्रेमले धन, दौलत, यौवन, रूप, उमेर, समय, उचित, अनुचित आदिको कुनै हेक्का राख्दैन । सानीको जीवनमा पनि प्रेम अप्ठ्यारोमा निस्केको पिलो जस्तो भएर देखा पर्दछ । मधेसबाट नेपाल (काठमाडौँ) जाने क्रममा बाटोमा भट्टी थापेर बसेकी सानीसँग एउटा अपरिचित युवकको भेट भएपछि प्रेम जागृत भएको छ र यौवन ढल्कन लाग्ने समयसम्म पनि त्यही प्रेमको भेलमा सानीले एकोहोरो रूपमा डुबुल्की मारिरहेकी छ । युवकले सानीमा कहिल्यै ननिभ्ने गरी प्रेमको आगो सल्काइदिएको छ । सानीमा उम्लेको प्रेम युवकको अनुपस्थितिमा पनि निरन्तर बगिरहेको छ । साँझको समयमा बास माग्न आएको युवकलाई देखेपछि सानीमा युवकप्रतिको चाहना व्यग्र भएर देखा पर्दछ । उसले त्यहीँ बास बसाल्नका लागि अनेक जुक्ति गर्छे । युवकको थकित भरियाले 'लामो यात्रा गर्न नसक्ने' बताएपछि सानीले उज्यालो अनुहार बनाएकी छे । युवकको नजिक पर्नका लागि सानीले अनेक उपायको खोजी गर्दछे । आवश्यक खनपिनका सामग्रीको जोहो गरिदिने बहानामा ऊ बारम्बार युवकको नजिक परिरहन्छे । युवतीको पहिरनले ऊ आर्थिक रूपमा दरिद्र भएको सङ्केत गरे पनि शारीरिक रूपमा स्वाभाविक यौवनाकर्षणका गुणहरू छन् । "बाह्य आवरण मैलो र दरिद्रताको विज्ञापन भए पनि त्यसको अनुहार नराम्रो थिएन । गालामा पार्वत्य वायु र परिश्रमको सुन्दर उपहार स्वाभाविक लाली र यौवनको सिँढीमा उक्लिरहेको त्यसको वैंश छ । आँखा गोल, उज्वल र भित्रका नानी निकै काला र चञ्चल छन् । तिनीहरूमा अपार जिज्ञासा औं उत्सुकता क्रीडा गरिहेका थिए" (भिक्षु, २०५२, पृ. १३५) । त्यसैले युवकको मन पनि अनायास युवतीतिर केही मात्रामा स्वाभाविक रूपमा तानिएको छ । सानी युवकलाई पाउनका लागि जेजति मात्रामा उद्वेलित छे युवकमा त्यस्तो स्थिति देखिँदैन । उसमा केवल सामान्य रूपमा यौवनजोसका तरङ्ग मात्र देखा परेका छन् । सानीसँगको सङ्क्षिप्त बोलचालका क्रममा ती दुवैका आँखा जुधेका छन् । यही आँखा जुधाइ नै सानीका लागि एकोहोरो रूपमा प्रेममा भुटभुटिँदै जीवन घिसार्नुपर्ने कारण बनेको छ ।

सानीमा जागृत प्रेमको अमरत्व निकै उच्च छ । सानीको प्रेममा युवकको स्वीकारोक्ति टुङ्गो नभए पनि एकोहोरो रूपमा अन्तर्मनमा प्रेमको महल बनाएर डुबुल्की मार्ने सानीको जीवनमा बारम्बार त्यो युवक तन्द्राको विषय बनेको छ । उसले त्यस युवकलाई नसम्झेको र प्रेमको

काल्पनिक संसारमा विचरण नगरेको दिन सायदै छैन । छुट्टिने बेलामा युवकले ‘पन्ध्र दिनमा फर्कने’ कुरा गरेपछि ती पन्ध्र दिनहरू सानीका लागि निकै कष्टकर बनेका छन् । उसले प्रत्येक क्षणमा युवकको प्रतीक्षा गरेकी छ । “यात्री चाहिने बिहानै उठेर गइहाल्यो । सानीका आँखामा आइसकेका र छचल्किसकेका मूक मोह र कुन्नि कस्ता अव्यक्त आकाङ्क्षाहरू त्यसलाई निकै टाढासम्म पहाडको टुप्पामा पुऱ्याई फर्केका छन् । सानीको मन भारी हुँदै आएको छ । हृदयमा आर्द्र भावनाहरूमा गह्रुङ्गो प्रभाह बग्न थालेको छ र भित्र मनमा लगातार त्यो फेरि फर्कला ?” (पृ. १३७) भन्ने प्रश्न उम्लिरहेको छ । युवकको पर्खाइकै क्रममा केही समयपछि सानीको बिहे अन्यत्रै हुन्छ । ऊ पतिकी पत्नी र सासूकी बुहारी भएर बस्छे । विवाहित पतिसँग पतिपत्नीत्वको सम्बन्ध रहन्छ तर मन भने त्यो युवकतिरै घुमिरहेको छ । “नारीको विशाल हृदयमा बालकप्रति, आमाबाबुप्रति, माइतका साथीभाइप्रति, पतिगृहमा सासू, ससुरा, जेठाजु, देवर, भतिजा आदि सबैप्रतिको ममता रहन सक्छ भने सानीको हृदयमा त्यस यात्रीप्रति पनि कुनै प्रतिध्वनि थियो । नारी चाहिँ पतिकी स्वास्नी हो । यो कुरा प्रदीप्त सूर्य झैँ सत्य छ तर पत्नीत्वको हदसम्म मात्रै” (पृ. १३८) । युवकसँग जोडिन पुगेको एकोहोरो प्रेमको जञ्जालबाट सानी मुक्त हुन सकेकी छैन र चाहेकी पनि छैन । “आँखामा आँसु, हृदयमा वेदना, प्राणमा अन्धकार, कण्ठमा भक्कानु र रोमरोमपर्यन्तमा आद्र रुदन भरेर त्यस यात्रीको सट्टामा सानीले यही चार अक्षरको स्वागत “त्यो आएन” (पृ. १३९) मुटुमा सँगालेर बसेकी छ । सानीका जीवनका रङ्गहरू ढल्दै गएको पनि कुनै पत्तो थिएन । ऊ त केवल युवकसँग एकोहोरो प्रेमको मोहनीमा मस्त थिई । पतिको घरमा रहँदा सानीको मनमा कताकता ‘ऊ कतै मधेसतिर झऱ्यो कि’ भन्ने प्रश्न पनि खडा हुन्थ्यो । यस्तो शङ्काले सानीको मनमा भयङ्कर सङ्ग्राम मच्चाइदिन्थ्यो । यस्तो विषम अवस्थाको विश्लेषण गर्ने क्षमता सानीले राख्दैनथी । ऊ ठान्थी “बरु यात्री कहिल्यै पनि नफर्कोस् त्यसको पथ हेर्दाहेर्दै यस जीवनको पनि अन्त भइजाओस् तर सानीलाई नभेटी त्यो त्यसै गइहाल्ला भन्ने विधिविधानको स्वागत गर्ने शक्ति त्यसमा थिएन” (पृ. १३८) । ऊ युवकलाई पाउनकै लागि आमाको मृत्युपश्चात् माइतीकै घरमा पुनः भट्टी पसल थाप्न आइपुगेकी छ । नेपालबाट मधेसमा फर्कने लाखौँ मानिसका भिडमा मनले रोजेको त्यो युवकलाई उधिनेर खोतल्दैमा उसका कैयन वर्षहरू बितेका छन् । यसरी एकोहोरो रूपमै भए पनि युवतीले युवकसँग गरेको प्रेम निकै झाङ्गिएको, त्यसले केही पीडा र पीडाभित्र व्यक्त गर्न नै नसकिने अनौठो मिठास भएको प्रेमको अमरत्व अभिव्यक्त भएको छ ।

**सामाजिक मर्यादाका रूपमा यौन**

सानीले युवकसँग गरेको प्रेमले सामाजिक मर्यादाको कहीँकतै उलङ्घन गरेकी छैन । उसले पहिलो भेटमै युवकलाई मन पराउँछे तर दमित यौनचाहना कहीँकतै छताछुल्ल पोखेकी छैन । उसले शिष्ट र मर्यादित रूपमा युवकसँग व्यवहार गरेकी छ । ऊ एक्लै प्रेममा भुटभुटिन्छे तर कसैले देख्ने गरी बहकिने र पोखिने कार्य गरेकी छैन । दमित कामेच्छा सहन नसकी साँझ साढे सात बजे नै कोठामा चुक्कुल लगाएर ‘कालो ओछ्यान’ मा पल्टेर युवकका गतिविधिको कल्पना गर्न थाल्दछे । सानीमा युवकप्रतिको तिर्खा भयानक भएर देखा परेको छ तापनि उसले दमन गरेरै राखेकी छ । आमा निदाएपछि र युवकसमेत निदाएको अनुमान भएपछि चुपचाप केवल युवकलाई टाढैबाट हेरेर तृप्त हुनका लागि बल्दो टुकीको राप लिँदै युवक सुतेको कोठामा पुगेकी छ । युवक आफ्नो ‘सेतो ओछ्यान’ मा निश्चल, निरुद्विग्न, निर्विकार रूपमा सुतिरहेको छ । युवकलाई देख्नेबित्तिकै युवतीको मन ढक्क भएर फुल्छ । कुनै अव्यक्त वस्तुले छातीमा हिर्काउन थाल्छ । ऊ केहीबेर युवकलाई नियालेर हेरेपछि “किन ओर्लेकी हुँली ! केही काम छैन” (पृ. १३७) भन्दै पुनः कोठामा फर्केकी छ ।

बिहे भएपछि पनि सानीको मनमा बलियो डेरा जमाएर बसेको प्रेम अमर्यादित रूपले पोखिएको छैन। ऊ पतिकी पत्नी एवं सासूकी बुहारी भएर नारीसुलभ तथा विवाहिता बुहारीसुलभ कामकाजमा व्यस्त छे। पतिसँगको दाम्पत्य जीवनमा पनि कुनै प्रतिवाद गरेकी छैन। उसले पतिका सामु केवल पत्नीत्वका रूपमा आफूलाई समर्पित गरेकी छ। उसका मनमा युवकका सम्झनाका झिल्काहरूले बारबार पोलिरहन्छन् तापनि एक्लैएक्लै भुटभुटिएकी छ। मनभित्रको रोदनक्रन्दन कहीँकतै पोखेकी छैन। अन्तस्करणमा युवकसँग भेट्ने चाहना बोकेर माइतीघरमा पुनः भट्टी पसल खोलेकी छ। घरछेउको बाटामा नेपालबाट मधेस आउनेजाने मान्छेका भिडमा युवकको चियोचर्को निरन्तर गरिरहन्छे। उसले गरेको युवकको खोजीनीति कोहीकसैलाई थाहा हुँदैन। एकदिन अनायास अपत्यारिलो रूपमा व्यग्र प्रतीक्षाको नायक युवक वृद्ध अनुहार लिएर देखा पर्दछ। सानीले त्यस युवकबाट जुन किसिमको बोलिचाली, व्यवहार र प्रमेको उत्सर्ग चाहन्थी त्यो पाउन सक्तिनँ। 'त्यो बुढी खै ?', 'तिमी त सानी नै हौ क्यारे', 'तिमी त बुढी भैसकिछौ' जस्ता पिरा शब्दले युवतीको कोमल मन भतभती पोल्छ तापनि उसले कुनै प्रतिवाद गरेकी छैन। ऊ आफ्नो नजरमा, आफ्नो निरर्थक पर्खाइमा आफैँ गिरेको महसुस गर्छे तर युवकसँगको भेटपछिका यति लामा पट्यारलाग्दा दिनहरूमा केकस्तो सपनाको महल बनाएर केकसरी क्लेसहरू काटी भन्नेबारे युवकलाई केही बताउँदिन। सानीमा जागृत एकोहोरो अव्यक्त प्रेमले कहीँकतै सामाजिक मर्यादाको सीमा ननाघ्नु निकै महत्त्वपूर्ण पक्षका रूपमा रहेको छ।

**दम्भका रूपमा यौन**

'त्यो फेरि फर्कला ?' कथामा यौन मूलतः पुरुष दम्भका रूपमा रहेको छ। मधेसबाट चित्लाङ हुँदै नेपाल (काठमाडौँ) को यात्रामा रहेको युवकले भट्टी पसल खोलेर बसेकी युवतीसँग बासका लागि सोधपुछ गर्दै गर्दा हेपाहा स्वभाव देखाएको छ। सानीको यौवन धपक्क बलेको देख्दादेख्दै पनि युवक त्यो सानीप्रति जे जति र जसरी तानिनु पर्थ्यो, त्यसो हुन सकेको छैन। ऊ हरबखत सानी र भरियासँग बेपर्वाही ढङ्गमा बोलिरहेको छ। युवकको "यो त भट्टी पसल हो क्यारे" (पृ. १३४) भन्ने वाक्यले सानीको प्रेमिल अन्तस्करणमा चसक्क घोचेको छ। युवकले कहिले सफा कोठाको माग गर्दछ त कहिले सफा भाँडाको माग गर्दछ। कहिले पुरानो मसिनो चामलको माग गर्दछ त कहिले राम्रो गुणस्तरको घिउको। युवतीले युवकसँग जुन कुराको अव्यक्त अपेक्षा गरिरहेकी थिई, त्यो कुराका लागि युवकले मार्गप्रशस्त गरेको छैन। उसले युवतीको यौवनलाई 'यौवन' नै नठानेको बेपर्वाही गतिविधि देखाएको छ। युवकसँगको एक निमेषको आँखा जुधाइबाट हायलकायल बनेकी सानीका अन्तस्करणको अव्यक्त 'यौनप्यालाको तृप्ति मोचन' युवकले पूरा गरिदिन सकेको छैन। युवकले आँखाको तीरले घायल बनाउन जानेको छ तर त्यस घाउलाई मह्लमपट्टी गर्न जानेको छैन। एउटा जवान पुरुषको विपरीत लिङ्गी स्त्रीसँग जेजस्तो रूपमा गतिविधि देखा पर्नु पर्दथ्यो, त्यो हुन नसकेको स्थिति छ। उसको 'म पन्ध्र दिनपछि फर्कन्छु' भन्ने आशावादी आश्वासन पनि झुटो साबित भएको छ। युवकको व्यग्र पर्खाइका क्रममा तड्पीतड्पी झण्डै तीनचौथाई जिन्दगीलाई घिसार्दै गर्दा धेरै समयपछि देखा परेको युवकका लापर्वाहीपूर्ण 'त्यो बुढी खै ?', 'तिमी त सानी पो हौ क्यारे', 'तिमी त बूढी भैसकिछौ' जस्ता कटुवचनले सानीको मन छियाछिया भएको छ। भट्टी पसललाई फरक ढङ्गले हेर्ने, हेपाहा प्रवृत्ति देखाउने, मानवीय मर्यादाको ख्याल नगर्ने, युवतीको प्रेमपूजाको सम्मान गर्न नसक्ने अत्यन्त हठी एवं कठोर यौन दम्भाभिव्यक्ति युवकमा देखा परेको छ।

## कल्पनाका रूपमा यौन

सानीमा जागृत यौन कल्पनाका रूपमा पनि अभिव्यक्त छ । युवक प्राप्तिको आकाङ्क्षाले विक्षिप्त जस्तै बनेकी सानी अव्यक्त प्रेमलाई सहन नसकी सुत्ने समय नहुँदै साढे सात बज्दा नबज्दा 'कालो ओछ्यान' मा पल्टेर कल्पनाको संसारमा डुबेकी छ । विभिन्न कल्पनाहरूको तरङ्गमा डुबुल्की मार्दै गर्दा "त्यसकी स्वास्नी होली" (पृ. १३६) भन्ने विकृत विचारले उसको मगज रन्थनिएको छ । यो विचारसँगै उसको मुटुमा एउटा थपडी लागेको र त्यो च्याप्प गरे झैँ भएर आफ्नो अन्तरैमा स्तब्ध भएकी छ । मन परेको युवकको पत्नी भएको स्वीकार गर्न उसका सल्बलाएका इन्द्रियहरू तयार छैनन् । ऊ युवकलाई केवल आफ्नै मात्र भएको हेर्न चाहन्छे । यही कल्पनामा उसका मनोलोकमा प्रेमका स्वप्निल तरङ्गहरू उर्लिरहेका छन् । युवकसँगको विछोडपछि काल्पनिक संयोगका रूपमा रमाइरहन्छे । 'भेटिएर छुट्नुभन्दा नभेटेकै जाती हुन्थ्यो' भन्ने गीतको भाव सानीको जीवनसँग मिल्दो छ । विवाह भइसकेपछि पनि तन पतिसँग हुँदा मन भने युवकसँगै रहेको छ । ऊ त्यो युवक मधेस नजाओस्, बरु भेट नहोस्, कल्पनामै अघाउन्जेल एकोहोरो प्रेम गर्न पाइयोस्, जीवन पर्खाइमै बितोस् भन्ने पक्षमा उभिएकी छ । जसरी प्रेमलाई उच्च आसनमा राखेर सानीले युवकको प्रतीक्षा गरिरहेकी छ सोही रूपमा त्यो युवकले पनि पर्खाइ गरिरहेको होला भन्ने कल्पना उसमा छ । सानी युवकप्रति कति हदसम्म समर्पित छे भन्ने कुरा "तँ मा उत्सर्गको परिमाण कति छ ? उत्सर्ग गर्नलाई तैँले कति रस, कति माया, कति बन्धन र कुन्नि केके सञ्चित गरिराखेकी छेस्" (पृ. १३९) भन्ने कथनबाट पुष्टि हुन्छ । 'त्यो फेरि फर्कला ?' को आशाको त्यान्द्रो च्यापेर सानीले कष्टकर जीवन गुजारिरहेकी छ । त्यो कुनै दिन पक्का फर्कला कि भन्ने काल्पनिक आशाको त्यान्द्रोले सानीका अनेक दिनचर्याहरू लम्बिदै गएका छन् । सानीले मनमनमा "कति सुकुमार, कस्तो सुन्दर, कस्तो लोभ्याउने र कति लामो हुन्छ यो निराश आशाको मसिनो धागो !" (पृ. १४०) भन्दै निरन्तर पर्खाइ गरिरहेकी छ । सानीको अन्तर्मनमा युवकमा पनि आफूप्रति प्रेम छ भन्ने छ । ऊ युवकलाई जुन उच्चतामा प्रेम गर्थी, युवकबाट पनि त्यही उच्चता र समर्पण चाहन्थी । युवती युवकको "चीरपरिचित, त्यही आद्रता, त्यही आर्तमूक रोदन र त्यही आँसुको प्रतीक्षा गरिरहेकी थिई" (पृ.१४१) र कल्पनाको 'राजर्षी खिर' खाइरहेकी थिई तर त्यो अन्तर्मनको नायक फरक रूपमा प्रस्तुत हुँदा प्रेमको गगनरूपी महल क्षणभरमै गर्ल्यामगुर्लम ढलेको छ । यसरी कथामा अव्यक्त प्रेमाङ्कुर यौनचाहना काल्पनिक तर निकै सुन्दर रूपमा अभिव्यक्त भएको छ ।

## युगीन सामाजिक अभिव्यक्तिका रूपमा यौन

पुरुषप्रधान समाजले नारीलाई यौनकुण्ठाको पोको च्यापेर बाँच्ने विवश प्राणीका रूपमा हेर्ने प्रवृत्ति पनि देखिन्छ । 'त्यो फरि फर्कला ?' कथामा तत्कालीन समयमा नारीहरूले चाहेर पनि मनका कुरा खोल्न नसक्ने अमूक प्राणीको प्रतिनिधि पात्रका रूपमा 'सानी' लाई अगि सारिएको छ । सानीले जागृत प्रेम व्यक्त गर्न नसकी दिनरात भुटभुटिँदै गर्दा जवानीसमेत ढल्किएको विषय कथामा अभिव्यक्त छ । कतिपय भट्टी पसलहरूमा भेटिने यौनविकृतिका कारण युवकले सानीको भट्टी पसलमा बसौँ कि नबसौँ भन्ने दोमन गरेको छ । युवक यो वा त्यो नाममा अन्यत्रै जान चाहेको छ तर साँझ परिसकेको र युवकको भरिया पनि थकित भएकाले बाध्य भएर त्यहीँ बस्ने निर्णयमा पुगेको छ । जवान सानीसँग जवान युवक यौनको नैसर्गिक आकर्षणको गुणअनुरूप आकृष्ट भएको नदेखिनु तत्कालीन समयमा कतिपय भट्टी पसलमा मौलाएका यौनजन्य क्रियाकलाप पनि भएको युगीन सामाजिक यथार्थको अभिव्यक्ति कथामा भएको छ । पहिलो भेटमै सानीको मन युवकले हरण गरेको छ । सानीले प्रेम खोसिएर रित्तो, खोक्रो भएको अनुभव गरिरहेकी छ तर कोहीकसैलाई भनेकी छैन ।

सानीको मनले निरन्तर युवकको पर्खाइ गरिरहेको छ तर परिवारका सदस्यहरूले उसलाई अन्यत्रै बिहे गरिदिएका छन् । सानी तन एकातिर र मन अर्कोतिर भएर निरन्तर छटपटाइरहेकी छ तर यसको सुइँकोसम्म कोहीकसैले पाएको देखिँदैन । यसरी तत्कालीन समयमा नारीहरूले आफ्नो मनले चाहेको पुरुषलाई पाउन भित्रभित्रै जतिसुकै रापिए पनि बाहिर नपोख्ने, पोख्न नसक्ने र पोख्न नहुने सामाजिक अभिव्यक्तिका रूपमा यौनको प्रस्तुति भएको छ ।

**कामावेगका रूपमा यौन**

भर्खरै यौवनको सिँढीमा चढ्दै गरेकी सानीमा युवकको प्रवेशसँगै यौनराग सल्बलाएको छ । मनमा जागृत दमित कामावेगकै कारण जसरी हुन्छ ऊ युवकलाई आफ्नै घरमा बास बसाल्न चाहन्छे । कतै युवक त्यहाँ बास नबस्ने पो हो कि भन्ने आशङ्काले भुटभुटिएका बेला "कोठासोठा हेरिसकेपछि यात्रीले त्यहीँ बास बस्ने निश्चय गऱ्यो र सानी पनि अलि स्वस्थ झैं भई" (पृ. १३४) देखा परेपछि प्रार्थिक मनोकाङ्क्षा पूरा भएको छ । ऊ युवकलाई आफूमा केकसरी हुन्छ आकर्षित गर्न चाहन्छे । त्यसैले 'के के कुरा ल्याइदिऊँ' भन्दै बारम्बार सोधपुछ गर्ने र युवकको नजरको समिपमै रहने प्रयत्न गरिरहन्छे । युवक र सानीको प्रेमको तगारोका रूपमा सानीकी आमा तेर्सिएकी छ । "ए सानी आइज" (पृ. १३४) भन्दै सानीकी आमाले अवरोध गर्न खोजे पनि विभिन्न बहानामा ऊ युवककै सेरोफेरोमा केहीबेर टहलिएपछि मात्र आफ्नो कोठामा प्रवेश गरेकी छ । सुत्ने समय नहुँदै साँझको साढे सात बजे नै 'कालो ओछ्यान' मा पल्टनु यौनावेगकै प्रतिफल हो । कथामा प्रस्तुत सानीको 'कालो ओछ्यान', 'निकै अध्याँरो' 'टुकी बाल्नु' 'सघन र विशाल पर्वतहरूको अङ्गमा भएका ती पुतली झैं दुईचार ओटा घर स्तब्ध भएर उभिएको' प्रसङ्ग आदि बिम्बप्रतीकहरूले सानीमा उद्वेलित यौनावेगलाई देखाएका छन् । सानी निदाउन चाहेर पनि सकेकी छैन । ऊ कामावेगको उकुसमुकुसले छटपटाइरहेकी छ । सबै निदाएको अनुमान भएपछि टुकी बालेर युवकलाई हेर्न जानु र युवकलाई देखेपछि छातीमा एक तमासको धड्कनको अनुभव गर्नु कामावेगको चरम स्वरूप हो । युवक 'सेतो ओछ्यान' मा पल्टेको छ । 'सेतो ओछ्यान' युवकमा कुनै कामावेग नभएको सङ्केतका रूपमा रहेको छ । कुनै उपाय नलागेपछि सानी "....किन ओर्ल्हेकी हुँली ! केही काम छैन" (पृ. १३७) भन्दै निरास मनमुटु लिएर आफ्नै कोठामा फर्किएकी छ । यी विविध गतिविधिले सानीमा यौनावेग व्यग्र भएर छचल्किएको प्रस्ट हुन्छ ।

**हीनताबोधका रूपमा यौन**

भट्टी पसल्नी सानीको घरमा बास माग्न आएको युवकसँग एकोहोरो रूपमा मौलाएको सानीको प्रेमले अन्ततः उसलाई हीनताबोध गराएको छ । नजानिदो प्रकारले सानीको मन युवकतिर तानिएपछि ऊ युवकलाई जेजसरी हुन्छ त्यहीँ बास बसाल्न प्रयत्न गरिरहन्छे । युवकको "यो त भट्टी पसल पो हो क्यारे" (पृ. १३४), "एक पटक कोठा हेरुँ । कोठा सफा छ कि, सफा नभए त...." (पृ. १३४), "गाग्री सफा छ ?" (पृ. १३४) जस्ता वाक्य सुन्दा सानीमा हीनताबोध भएको छ । यी यस्ता अप्रिय वचनलाई पनि पचाउँदै सानी युवकलाई त्यहीँ बास बसाल्न सफल हुन्छे । एक साँझको बसाइ तथा एक झल्को बोलचालको क्रममा युवकसँग जुझेका आँखाको प्रभाव युवतीमा गहिरोसँग बस्न जान्छ । युवक त्यहाँबाट अर्को दिन नेपालतिर हिँडेपछि सानीले निरन्तर 'त्यो फेरि फर्कला ?' भन्ने अज्ञात प्रश्नको उत्तरको प्रतीक्षा गरिरहन्छे । विवाह भएर पनि सानीको तन पतिसँग रहँदा मन भने युवकसँगै छ । पतिको घरमा रहँदा त्यस अपरिचत युवकलाई नसम्झेको पल छैन । आफ्नो मनले पहिलोपटक अन्तरात्मादेखि चाहेको युवकलाई सदाका लागि दैहिक रूपमा समेत आफ्नो

बनाउने चाहनाले ऊ पुनः माइतीघरमा भट्टी पसल खोलेर बसेकी छ। सानीको युवकप्रतिको प्रेम यति तरुनो भएर देखापरेको छ कि ऊ जीवनको तीनचौथाई पुगिसक्दासमेत यौवनको कुनै वास्ता गरेकी छैन। एकदिन मनमन्दिरको प्रेमको पुजारीका रूपमा बहुप्रतीक्षा गरिएको त्यो युवक ढल्कन लागेको देह लिएर निस्क्रिय रूपमा त्यस भट्टी पसलमा फेरि बास माग्न आइपुग्छ। सानीले त्यस युवकलाई जुन रूपमा सोचेकी थिई, त्यस रूपमा युवक देखिँदैन। युवकको पहिलो वाक्य "यहाँ बास पाइन्छ" (पृ. १४१) ले सानीको मनमा पहिलो नमिठो धक्का दिन्छ। सानीले भट्टीपसललाई आफ्नै साम्राज्यको बासस्थान र सानीलाई आफ्नै मनमन्दिरकी प्रेमिका ठान्दै त्यो युवक छाती चौडा बनाएर आउला भन्ने ठानेकी थिई तर परिस्थिति भिन्न भएर देखा पऱ्यो। सानीमा प्रेमको पहिलो हिनताबोध यहीँ देखा पर्दछ। युवको अर्को भनाइ "नेपाल जान लागेको बखत पनि यसै घरमा बास बसेको थिएँ। आज पनि त्यो घर भएदेखि यसैमा बसुँला भन्ने विचार गरी घरबाट हिँडेको बल्ल आइपुगें। खोई त्यो बुढी ? सानी चाहिने त तिमी नै हौ कि.... ?" (पृ. १४१) बाट सानीमा थप हिनताबोध भएको छ। सानीले प्रेम जे हो भन्ने ठान्थी; युवकप्रतिको प्रेमलाई जुन रूपमा पूजा गरेकी थिई; युवकले त्यही रूपमा नलिएको प्रस्ट बुझी। युवकको "तिमी...तिमी त... बुढी नै भइसकिछौ" (पृ. १४१) वाक्य सुनेपछि सानीमा निहित प्रेमको महल चकनाचूर भएको छ। उसले आफ्नो जीवनपर्यन्तको प्रेमप्रतिको उत्सर्ग बेकार भएको महसुस गरेपछि पूर्ण रूपमा हीनताबोध भएको छ। सानी युवकसँगको प्रेमको यथार्थ बुझेपछि वास्तविक धरातलमा अवतरण भएकी छ। सानीको प्रेमको दुनिया र युवकको दुनियाका बिच वर्तमानमा कुनै तालमेल नभएको निष्कर्षमा पुगेकी छ। सानीले जीवनको तीनचौथाईसम्म सुम्सुम्याउँदै जगेर्ना गरेको प्रेम, अन्तरात्मामा समातेर राखेको जीजिविषा, आशामा झुन्ड्याइराखेका त्यसका उमङ्ग, उत्साह, सपना र यौवनपर्यन्तलाई यात्रीको एउटै वाक्य 'तिमी त बुढी भइसकिछौ' ले खाइदिएको छ। सानीले "प्राणभन्दा पनि बढ्ता माया गरी तह लाइराखेको त्यसको जीवनव्यापी परिचित प्रिय त्यो प्रश्न पनि एउटा भयानक विषद्को अन्धकारमा विलुप्त" (पृ. १४२) हुनपुगेको छ। आत्मिक प्रेमलाई दैहिक प्रेममा परिणत गर्ने तीव्र आशाका साथ जीवनकै आयु सकिउन्जेलसम्म कल्पीकल्पी पूजा गरेको सानीको एकोहोरो प्रेम निरर्थक भएको अनुभव भएपछि उसमा निराशा, ग्लानि, पश्चात्ताप एवं चरम हीनताबोध भएको छ।

**निष्कर्ष**

सानीको एकपक्षीय असफल प्रेमलाई देखाउने सन्दर्भमा 'त्यो फेरि फर्कला ?' यौनकथा देखापरेको छ। यौवनको सिँढी चढ्दै गर्दा सानीमा देखापरेको युवकप्रतिको यौनाशक्तिका कारण जागृत भएको एकोहोरो प्रेमले निम्त्याएका पट्यारलाग्दा दिनचर्या एवं युवक र सानीको प्रेमप्रतिको भिन्न मनोलोकका कारण दुर्घटित हुनपुगेको घटनाक्रम कथामा प्रस्तुत भएको छ। भवानी भिक्षु सफल यौन कथाकार हुन्। यौनलाई केन्द्रमा राखेर आन्तरिक मनोयथार्थको विचरण गर्नु भिक्षुको महत्त्वपूर्ण पक्ष हो। शिष्ट, मर्यादित एवं श्लील रूपमा यौनजन्य मनोग्रन्थिको चिरफार गर्न उनी निकै सिपालु छन्। सामाजिक मर्यादाको सीमा उल्लङ्घन नगरी यौनलाई समस्त प्राणीको आवश्यकताका रूपमा प्रस्तुत गर्ने भिक्षु आफ्नो समयका स्थापित यौन कथाकार हुन्। उनका कथाहरू चरित्रप्रधान छन्। 'त्यो फेरि फर्कला ?' कथामा सानीमा जागृत एकपक्षीय प्रेमाशक्तिको अमरत्व प्रस्तुत गरिएको छ। मधेसबाट नेपाल जाने क्रममा बास बस्न बाटोमै पर्ने भट्टीपसलमा आइपुगेको युवकतर्फ तानिएको सानीको स्त्रीसुलभ प्रेम जीवनले तीनचौथाई उमेर पार गर्दासम्म निरन्तर दुखिरहने 'अफठ्यारोमा निस्केको पीलो' जस्तो न त सहन सकिने न त देखाउन नै मिल्ने स्थितिमा छ। सानी युवकप्रतिको आकर्षणले निकै पग्लिएकी छ। विवाह हुनुपूर्व मात्र होइन

विवाहपश्चात् पनि उसले युवकलाई नसम्झेको कुनै पल छैन। तन विवाहित पतिसँग र मन अपरिचित यात्री युवकसँग भएपछि सानीको जीवनयात्रा निकै कष्टकर बनेको छ। सानीका उकुसमुकुस यौनाभावहरू प्रेमको अमरत्व, सामाजिक मर्यादा, कल्पना, भावावेग एवं हीनताबोधका रूपमा पोखिएका छन्। सानीले युवकसँग मनमनै गरेको एकपक्षीय प्रेमालाप निरर्थक बन्न पुगेको छ। सानीको अन्तर्मनले चाहेको युवकसँग निकै लामो समयान्तरालपछि सोही भट्टी पसलमा दोस्रो भेट हुँदा मात्र प्रेमबारेको वास्तविक सत्यबोध गरेकी छ। युवकको बेवास्तापूर्ण कथनबाट सानीले अन्तर्मनमा जोगाएर राखेको प्रेमको वास्तविक मूल्यबोध गरेकी छ र लामो समयदेखि बिझाइराखेको एकोहोरो प्रेमको पनि क्षणभरमै अन्त्य भएको छ। यसरी अपरिचित यात्रीसँग यौवनावेगमा एकपक्षीय रूपमा सानीमा झाँगिएको प्रेमले त्यो फेरि फर्कला ? को पर्खाइमा पार गरेका अनेक कष्टप्रद घुम्तीहरू देखाउँदै युवकको सानीप्रतिको प्रेमाथार्थिक मनोलोकको वास्तविकता उदाङ्गो भएपछि सानीमा दमित प्रेमको सुन्दर महल भताभुङ्ग भएको घटनाक्रमसँग सम्बन्धित यौनाभिव्यक्तिका विविध प्रकृतिहरू कथामा अभिव्यक्त भएका छन्।

## सन्दर्भ सामग्रीसूची


गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९). *नेपाली कथाको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

पाण्डेय, ताराकान्त (२०६८). "साहित्यिक शोधविधि : सिद्धान्त र प्रयोग पक्ष". *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड). काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. २२४-२४३।

प्रधान, प्रमोद (२०७५). *नेपाली यौनकथा.* काठमाडौँ : शिखा बुक्स।

बराल, ईश्वर (२०५६). *छरिएका समीक्षा.* काठमाडौँ : साझा प्रकाशन।

बराल, कृष्णहरि (२०६७). *कथा सिद्धान्त.* काठमाडौँ : एकता बुक्स।

भिक्षु, भवानी (२०५२). *गुनकेशरी* (चौथो संस्क.). काठमाडौँ : साझा प्रकाशन।

भौकाजी, विमल (२०६८). *प्रतिनिधि नारी यौनकथा.* काठमाडौँ : रत्न पुस्तक भण्डार।

श्रेष्ठ, दयाराम (२०६६). *अभिनव कथाशास्त्र.* काठमाडौँ : पालुवा प्रकाशन प्रा. लि.।

श्रेष्ठ, दयाराम (२०७०). *नेपाली कथा र कथाकार.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

श्रेष्ठ, दयाराम (२०७८). *यथार्थवाद र नेपाली कथा-परम्परामा आधुनिक कालको प्रणयन.* काठमाडौँ : शिखा बुक्स।